नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

फोन नं. ०३५-४२२१३३
ईमेल:- cdoudayapur@gmail.com
कोशी प्रदेश,नेपाल

प.सं.: २०८२/८३
च.नं. २८६५

मिति: २०८२/१२/२३
ने.सं. ११४६ चौलागा

श्री जिल्लास्थित सबै सरकारी कार्यालयहरु,
उदयपुर।

विषयः आवश्यक कार्यार्थ सम्बन्धमा।

प्रस्तुत विषयमा श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. १४७१, मिति २०८२।१२।१९ को पत्र यसैसाथ संलग्न छ। उक्त पत्रको व्यहोरा अवगत गर्नुभई "सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्बन्धमा" लेखिआएको बुँदाहरु सबै सरकारी कार्यालयहरुबाट कार्यान्वियन हुन पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

प्रशासकीय अधिकृत

सादर अवगतार्थ,
श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं। - जानकारीको लागि सादर अनुरोध छ।

श्री सू.प्र.अ.
ख्याल गरि वेवसाइटमा अपलोड गर्नु

रौतामाई गाउँपालिका
दर्ता नं. : ९४९
मिति : २०८२/१२/२६

नेपाल सरकार

# गृह मन्त्रालय

निजामती कर्मचारी प्रशासन शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति २०८२।१२।१९

पत्र संख्या:- ०८२/८३
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १४६१

जिल्ला प्रशासन कार्यालय ...
द.नं.- १२८१
मिति- २०८२।१२।२२

विषय: सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्बन्धमा।

श्री महाशाखा/शाखा सबै, गृह मन्त्रालय।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान।
श्री अध्यागमन विभाग, कालिकास्थान।
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार।
श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, सिंहदरबार।
श्री जिल्ला प्रशासन कार्यालय, सबै।
श्री इलाका प्रशासन कार्यालय, सबै।
श्री सीमा प्रशासन कार्यालय/सीमा तथा अध्यागमन कार्यालय, सबै।
श्री कारागार कार्यालय, सबै।
श्री कारागार अस्पताल, सुन्धारा/श्री मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल, नख्खु, ललितपुर।
श्री समरजंग कम्पनी कार्यालय, सिंहदरबार।
श्री जुद्ध वारुण यन्त्र कार्यालय, भक्तपुर।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.न. प्र.शा.३११/३४९८, मिति २०८२/१२/१८ को पत्रको छायाँकपि यसैसाथ संलग्न छ। उल्लिखित पत्रबाट लेखी आए बमोजिम सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रसारणमा एकरूपता र पारदर्शिता ल्याउन तथा सरकारी स्वामित्वका सञ्चार माध्यमहरूको प्रवर्द्धन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु/गराउनु हुन मन्त्रालयको मिति २०८२/१२/१९ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

देहाय:

१. सार्वजनिक निकायबाट सार्वजनिक खरिद लगायतका सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवम् सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारणको व्यवस्था गर्ने।
२. उल्लिखित प्रक्रियाबाट प्रकाशन तथा प्रसारण भएका कार्यका लागि भुक्तानी गर्दा सरकारी वा सार्वजनिक कोषबाट सोझै सम्बन्धित प्रकाशन तथा प्रसारण गर्ने संस्थाको कोषमा मात्र जम्मा हुने गरी गर्ने।
३. यसरी भुक्तानी गर्दा भुक्तानीको दर र छुट (Discount) रकमको विषय सम्बन्धित सञ्चार माध्यमले आधिकारिक रूपमा स्वीकृत गरेको हुनुपर्ने।

(उमाकान्त पराजुली)
शाखा अधिकृत

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रशासन शाखा, सिंहदरबार।

CamScanner

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या: २०८२/८३
च.नं. प्र.शा./३११/३४९८

वि.सं. २०८२/१२/१८
ने.सं. ११४६ चौलाथ्व चतुर्दशी, बुधवार

श्री मन्त्रालय/आयोग/सचिवालय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै प्रदेश),
श्री स्थानीय तह (सबै)।

विषय: सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्बन्धमा।

सरकारी खर्चमा मितव्ययिता कायम गर्न, विज्ञापन तथा सूचना प्रकाशन र प्रसारणमा एकरूपता र पारदर्शिता ल्याउन तथा सरकारी स्वामित्वका सञ्चार माध्यमहरूको प्रवर्द्धन गर्ने सम्बन्धमा आफू तथा मातहतका निकायमा देहायबमोजिम गर्नु/गराउनु हुन यस कार्यालयको मिति २०८२/१२/१८ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ।

१. सार्वजनिक निकायबाट सार्वजनिक खरिद लगायतका सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवम् सोअन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवम् सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारणको व्यवस्था गर्ने।

२. उल्लिखित प्रक्रियाबाट प्रकाशन तथा प्रसारण भएका कार्यका लागि भुक्तानी गर्दा सरकारी वा सार्वजनिक कोषबाट सोझै सम्बन्धित प्रकाशन तथा प्रसारण गर्ने संस्थाको कोषमा मात्र जम्मा हुने गरी गर्ने।

३. यसरी भुक्तानी गर्दा भुक्तानीको दर र छुट (Discount) रकमको विषय सम्बन्धित सञ्चार माध्यमले आधिकारिक रूपमा स्वीकृत गरेको हुनुपर्ने।

(विनोद रेग्मी)
शाखा अधिकृत

काठमाडौं
info@opmcm.gov.np
http://www.opmcm.gov.np